☎ : ०२१-५४५६१७

# प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. को भूमिकाको तुलना

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

अन्तर्गत स्नातकोत्तर तह दोस्रो

वर्षको (E.P.M.ED.598)

आंशिक आवश्यकता

परिपूर्तिका लागि

तयार गरिएको

**शोध -पत्र**


शोधार्थी :

रामबहादुर लक्सम

एम.एड. द्वित्तीय वर्ष

क्याम्पस रोल नं. : १२९/२०६१-२०६३

त्रि.वि. दर्ता नं. : ४४५६-८८

परीक्षा रोल नं. : २१४००६६ (२०६३)

सुकुना बहुमुखी क्याम्पस,

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


२०६६

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स नं. : ०२१५४५७१७

**सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ**

SUKUNA MULTIPLE CAMPUS

INDRAPUR, MORANG

स्थापित : २०४८

स्नातकोत्तर कार्यक्रम

Degree Programme (M.Ed.)

मिति : ....................

पत्र सङ्ख्या :

चलानी नं. :

---

विषय : **सिफारिस पत्र (Recommendation Letter)**

रामबहादुर लक्समले **"प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. को भूमिकाको तुलना"** शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र मेरो निर्देशनमा गर्नु भएको हो । यस शोधपत्रको समग्र मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

.......................................................................................

लक्ष्मीकुमार श्रेष्ठ, उप-प्राध्यापक

तथा शोध निर्देशक

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

**सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ**

**SUKUNA MULTIPLE CAMPUS**

**INDRAPUR, MORANG**

**स्थापित : २०४८**

☎ :०२१-५४५६१७

☎ :०२१-५४५७१७

फयाक्स : ०२१५४५७१७

पत्र सङ्ख्या :

मिति : ............

चलानी नं. :

---

विषय : **स्वीकृति पत्र (Acceptance Letter)**

**“प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. को भूमिकाको तुलना”** शीर्षकको स्नातकोत्तर तहको दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनको निमित्त रामबहादुर लक्समद्वारा तयार पारी शोधपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिमा प्रस्तुत गर्नु भएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क. सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख तथा शोध निर्देशक | |
| २. | प्रा. डा. वासुदेव काफ्ले | बाXय परीक्षक | |
| ३. | अशोक बस्नेत | सदस्य, शोध निर्देशक | |

मिति :

# कृतज्ञता (Acknowledgement)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह द्वित्तीय वर्षको अनिवार्य पत्रको रुपमा आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको प्रस्तुत शोधपत्र पाँचथर जिल्लाको सामुदायिक प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. को भूमिकाको तुलनात्मक अध्ययनसँग सम्बन्धित छ । यस विषयमा शोध गर्ने अवसर प्रदान गरेकामा शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ प्रति आभार प्रकट गर्दछु । शोधपत्र पूर्णतया सम्बन्धित प्र.अ., शिक्षक, वि.व्य.स., विद्यार्थी, विद्यालयको अभिलेखबाट प्राप्त तथ्याङ्क एवम् जानकारीको आधारमा तयार गरिएकोले यो शोधपत्र उक्त समुदायलाई समेत उपयोगी सिद्ध हुने कुरामा आशा गर्दछु ।

यो शोधपत्र तयार गर्न सरसल्लाह, सुझाव तथा कुशल निर्देशन दिई अमूल्य सहयोग प्रदान गर्नु भएका श्रद्धेय विभागीय प्रमुख तथा शोध निर्देशक गुरु उप प्राध्यापक लक्ष्मीकुमार श्रेष्ठ प्रति कृतज्ञता ज्ञापन गर्दछु साथै शोध कार्यमा शुरु देखि अन्त्य सम्म सधैं सद्भावपूर्ण तरिकाले कति पनि झर्को नमानी निर्देशन तथा सहयोग गर्नु हुने आदरणीय गुरुजन उप-प्राध्यापक गणेशप्रसाद दाहाल, उप-प्राध्यापक खगेन्द्र लुइटेल प्रति आभारी छु । सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने क्रममा आफ्नो-आफ्नो अतुलनीय समय, जानकारी र सूचना प्रदान गर्नु हुने प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी ज्यूहरु प्रति हृदयदेखि नै धन्यवाद दिन चाहान्छु । अन्त्यमा शोधपत्रको कम्प्युटर टाइप गरी सहयोग गर्नु हुने श्री धनकुमार योङहाङ, थर्पु- ५, परामावोहाङ कम्प्युटर सर्भिसका होमलाल परा र पुनः शुद्धाशुद्धी टाइप गरी दिनुहुने स्वागत मल्टिपल सर्भिसका पदमा भट्टराई प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

रामबहादुर लक्सम
शिक्षाशास्त्र सङकाय शैक्षिक योजना
तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

# शोधसार (Abstract)

प्रस्तुत शोधपत्र “पाँचथर जिल्लाका प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. हरुको भूमिकाको तुलना” शीर्षकमा आधारित अध्ययन हो । यस शोधपत्रमा प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा पुरुष प्र.अ. र महिला प्र.अ. को भूमिकाको तुलनात्मक अध्ययन गर्ने मुख्य उद्देश्य राखिएको छ ।

यो शोधपत्र सर्वेक्षणमा आधारित विश्लेषणात्मक अध्ययन विधि हो । यसमा महिला र पुरुष प्रधानाध्यापकहरुको भूमिकाको बारेमा तुलनात्मक रुपमा अध्ययन गरिने भएकोले यो अनुसन्धान परिमाणात्मक र गुणात्मक दुबै हो ।

यस शोधपत्रमा प्राप्त भएका तथ्याङ्कहरुको विश्लेषण तथा व्याख्या गर्न Henry Fayol को व्यवस्थापनको प्रशासनिक सिद्धान्त, Maslow को अभिप्रेरणाको सिद्धान्त, Fiedlar को संयोगिक सिद्धान्तलाई आधार मानिएको छ ।

अध्ययनको लागि प्राप्त भएका तथ्याङ्कहरुलाई तालिका, प्रतिशत, औसत आदिमा प्रस्तुत गरी विश्लेषण गरिएको छ भने व्यवस्थापनको सिद्धान्त, शिक्षा ऐन तथा नियमावली, स्थापित मूल्य मान्यता तथा सर्वमान्य तथ्य आदिको आधारमा व्याख्या गरिएको छ ।

अध्ययनमा प्राप्त तथ्याङ्कहरुको विश्लेषण तथा व्याख्यालाई नियान्दा पुरुष प्र.अ. भएका र महिला प्र.अ. भएका विद्यालयहरुको शैक्षिक उपलब्धि समान देखिएको छ । शैक्षिक उपलब्धिलाई आधार मानी यी दुई थरीका विद्यालयहरुको तुलना गर्दा विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत पुरुष प्र.अ.भएका विद्यालयहरुको तुलनामा महिला प्र.अ. भएका विद्यालयहरुको उच्च रहेको, बीचैमा कक्षा छाड्ने दर पुरुष प्र.अ. भएको विद्यालयको तुलनामा महिला प्र.अ. भएको विद्यालयमा न्यून रहेको, दुबै थरीका विद्यालयहरुमा ३२% भन्दा कम अङ्क ल्याउनेलाई पनि कक्षा चढाउने व्यवस्था रहेको, कक्षा चढाउने व्यवस्था पुरुष प्र. अ. भएको विद्यालय भन्दा महिला प्र.अ. भएको विद्यालयमा उच्च भएको, कक्षा चढाउने व्यवस्थाले शैक्षिक क्षति न्यून गरेको तर शिक्षाको गुणस्तमा कमी ल्याएको देखिएको छ । विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापलाई आधार मान्दा शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्‍याउने अतिरिक्त क्रियाकलापहरु सन्तुलित रुपमा सञ्चालन भएको, पुरुष प्र.अ. भएको विद्यालयको तुलनामा महिला प्र.अ. भएको विद्यालयको अतिरिक्त क्रियाकलापको प्रभावकारिता उच्च रहेको, अतिरिक्त क्रियाकलापहरु मध्ये प्रथम स्थानमा खेलकुद, द्वित्तीय स्थानमा हाजिरीजवाफ र तृत्तीयमा नृत्य रहेको देखिएको छ । वि.व्य.स.को

भूमिकामा दृष्टि लगाउँदा, वि.व्य.स.को बैठक, छलफल, विद्यालय स्तरीय विनियमको निर्माण, निर्माण कार्यको अनुगमन तथा निरीक्षण जस्ता कार्यहरुमा महिला प्र.अ. हरुको तुलनामा पुरुष प्र.अ. हरु रहेको विद्यालय अग्रस्थानमा रहेको देखिएको छ भने विद्यार्थीहरुलाई उ.पु हेर्न दिएर पृष्ठपोषण दिने, पुरस्कार प्रदान गरी उत्प्रेरण प्रदान गर्ने, प्रप्ताङ्कको आधारमा सुधारात्मक शिक्षण गर्ने साथै निर्माण कार्यको सम्पन्नता पछि दीर्घकालीन संरक्षणको कार्यक्रम बनाउने जस्ता कार्यमा पुरुष प्र.अ. को तुलनामा महिला प्र.अ. भएको विद्यालयहरु उच्च स्थानमा रहेका छन् ।

बीचैमा कक्षा छाड्ने दरलाई न्यून गर्न र उर्त्तीण प्रतिशतमा बृद्धि गर्न बालमनोविज्ञान तथा बालमैत्रीपूर्ण सिकाइ अवलम्बन गर्नुपर्ने, कक्षा चढाउने कार्यमा विद्यार्थीहरुलाई थप कार्यक्रम दिएर मात्र चढाउनुपर्ने, अतिरिक्त क्रियाकलापहरु विद्यालयमा सञ्चालन गर्दा सबै विकल्पहरुलाई समान रुपमा सञ्चालन गर्न पहल गनुपर्ने, वि.व्य.स. को भूमिकालाई अझ प्रभावकारी बनाउन गोष्ठी तथा तालिमको व्यवस्था गर्नुपर्ने, गोष्ठी तथा तालिम पुरुष प्र.अ. रहेको विद्यालयमा भन्दा महिला प्र.अ. रहेको विद्यालयलाई प्राथमिकता दिनु पर्ने जस्ता सुझावहरु दिइएको छ ।

# विषय सूची

| **शीर्षक** | | **पेज नं.** |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता | | iii |
| शोधसार | | iv |
| विषय सूची | | vi |
| तालिकासूची | | ix |
| केही संक्षिप्त शब्दको पूर्णरुप र शब्दावलीको परिभाषा | | x |
| | **परिच्छेद १ :** | |
| | **परिचय** | **१- १०** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्यहरु | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ९ |
| १.६ | अध्ययनको परिसीमा | ९ |
| | **परिच्छेद २ :** | |
| | **सम्बन्धित साहित्यको पुरावलोकन तथा सैद्धान्तिक खाका** | **११-१६** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १३ |
| २.३ | पुनरावलोकनको उपादेयता | १५ |
| | **परिच्छेद ३ :** | |
| | **अनुसन्धान विधि** | **१७-२०** |
| ३.१ | अनुसन्धान ढाँचा | १७ |
| ३.२ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १७ |

३.२.१ अध्ययनको जनसङ्ख्या १७

३.२.२ नमूना छनोट १८

३.३ अनुसन्धानका साधनहरु १८

३.३.१ अवलोकन फारम १८

३.३.२ रुजुसूची १९

३.३.३ प्रश्नावली १९

३.३.४ अतिरिक्त क्रियाकलापको मापदण्डको आधार १९

३.४ तथ्याङ्कको श्रोत १९

३.५ तथ्याङ्कको प्रस्तुति विश्लेषण र व्याख्या गर्ने प्रक्रिया २०

**परिच्छेद ४ :**

**तथ्याङ्कको विश्लेषण र व्याख्या २१-४३**

४.१ सिकाइ उपलब्धि २१

४.१.१ विद्यार्थी उत्तीर्ण अवस्था २१

४.१.२ प्राप्ताङ्कको समूहमा वर्गीकरण २२

४.१.३ कक्षा चढाउने कार्य २४

४.२ बीचैमा कक्षा छाड्ने दर २४

४.३ विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापहरुको प्रभावकारिता २५

४.३.१ अतिरिक्त क्रियाकलापहरुको सञ्चालन विवरण २५

४.३.२ अतिरिक्त क्रियाकलापहरुको सञ्चालित अवस्था २७

४.४ वि.व्य.स. को भूमिका २८

४.४.१ प्रधानाध्यापकहरुको प्रतिक्रिया २८

४.४.२ वि.व्य.स. पदाधिकारीहरुको भूमिका ३२

४.४.३ शिक्षकहरुको प्रतिक्रिया ३७

४.४.४ विद्यार्थीहरुको प्रतिक्रिया ४०

**परिच्छेद ५ :**

**अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरु** **४४-४८**

५.१ प्राप्तिहरु ४४

५.२ निष्कर्षहरु ४५

५.३ सुझावहरु ४६

**सन्दर्भ सामग्री** **क-ख**

**अनूसूचीहरु** **a-s**

# तालिका सूची (List of Tables)


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | विद्यार्थीहरुको कक्षा उत्तीर्ण विवरण | २२ |
| २. | प्राप्ताङ्कको आधारमा वर्गीकृत विद्यार्थीहरुको विवरण | २३ |
| ३. | कक्षा चढाएको विद्यार्थीहरुको विवरण | २४ |
| ४. | बीचैमा कक्षा छाड्ने दरको विवरण | २५ |
| ५. | अतिरिक्त क्रियाकलापहरुको सञ्चालन विवरण | २६ |
| ६. | अतिरिक्त क्रियाकलापहरुको सञ्चालन अवस्था | २७ |
| ७. | प्रधानाध्यापकहरुको प्रतिक्रियाको विवरण | २९ |
| ८. | वि.व्य.स. पदाधिकारीहरुको भूमिकाको विवरण | ३३ |
| ९. | शिक्षकहरुको प्रतिक्रियाको विवरण | ३७ |
| १०. | विद्यार्थीहरुको प्रतिक्रियाको विवरण | ४० |

## केही संक्षिप्त शब्दहरुको पूर्णरुप र शब्दावलीको परिभाषा

उ.पु. : उत्तरपुस्तिका

वि.व्य.स. : विद्यालय व्यवस्थापन समिति

वि.सं. : विक्रम सम्बत

जि.शि.अ. : जिल्ला शिक्षा अधिकारी

जि.शि.का. : जिल्ला शिक्षा कार्यालय

प्र.अ. : प्रधानाध्यापक

प्रा.वि. : प्राथमिक विद्यालय

शि.अ.सं. : शिक्षक अभिभावक संघ

शै : शैक्षिक

शै.सा. : शैक्षिक सामग्री

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीको आमाबाबु वा संरक्षकलाई बुझाउदछ ।

विद्यार्थी : प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई बुझाउदछ ।

विद्यालय : प्राथमिक विद्यालयलाई बुझाउदछ ।

वि.व्य.स. पदाधिकारी : प्राथमिक विद्यालयहरुमा पदासिन व्यक्तिहरुलाई बुझाउदछ ।

प्रधानाध्यापक : प्राथमिक विद्यालयको कार्यकारी प्रमुखलाई बुझाउदछ ।

शिक्षक : प्राथमिक विद्यालयमा कार्यरत शिक्षकलाई बुझाउदछ ।

शिक्षा ऐन तथा नियमावली : शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९
-चौथों संशोधन २०६१ समेत) लाई बुझाउदछ ।

सङ्केत % : प्रतिशतलाई बुझाउँदछ ।